# आ.व. २०८१-८२ मा
# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको उजुरी फर्छ्यौट तथा वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति

**१. उजुरी फर्छ्यौटसम्बन्धी**

क) विभागको स्थापनाकाल (आ.व. २०६६/६७) देखि आ.व. २०८०/81 सम्म

- विभागमा प्राप्त कुल उजुरी/सूचना सङ्ख्या – ४००३
- सो मध्ये मुद्दा दायर भएको सङ्ख्या – १०१
- अन्य तवरबाट फर्छ्यौट भएको सङ्ख्या – २०४९
- जम्मा फर्छ्यौट – २१५० (५३.७१%)
- बाँकी उजुरी – १८५३ (४६.२९%)

ख) २०८१ असारमसान्तसम्म विभागमा विचाराधीन उजुरीहरुमध्ये *अघिल्ला उजुरी, सूचनासँग मर्जसमेत गरी श्रावण महिनामा कुल १६७३ उजुरी बाँकी* *(Opening Stock)* *कायम भएको। सो मध्ये,* चालु आ.व. को हालसम्ममा-

- २५ थान मुद्दा अभियोजनका लागि विभिन्न जिल्ला सरकारी वकील कार्यालयमा पठाइएकोमा २० थान मुद्दा विभिन्न जिल्ला अदालतहरुमा दायर भएको, जसमा ८० जना प्राकृतिक व्यक्ति र २१ वटा कानूनी व्यक्तिलाई प्रतिवादी बनाई निजहरुका विरुद्ध ७९ अर्व १३ करोड विगो मागदावी गरिएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १५ को उपदफा (६) ले गरेको विद्यमान कानुनी व्यवस्था समेतलाई दृष्टिगत सम्बद्ध कसुर नभएका, विभागको क्षेत्राधिकार आकर्षित नहुने प्रकृतिका एवं कसुर स्थापित हुने आधार र कारण नदेखिएका उजुरीहरुसमेत गरी ८५५ थान उजुरी फर्छ्यौट गरिएको।

ग) विभागको स्थापना भएयता विगत १५ बर्षमा कुल १०१ थान मुद्दा दायर भएको, जसमा करिब १४ अर्ब रुपैया विगो मागदावी रहेकोमा आर्थिक वर्ष २०८१-८२ मा मात्र २० थान मुद्दा अभियोजन भएको छ, जसमा ८० जना प्रतिवादीहरु विरुद्ध ७८ अर्ब रुपैयाभन्दा बढी विगो मागदावी गरिएको छ।

त्यस्तै, विगतका आर्थिक वर्षहरुमा बार्षिक रुपमा बढीमा ५६० वटा उजुरी फर्छ्यौट भएकोमा यस आ.व. मा ८८० थान (यस आ.व. को शुरुमा विभागमा विचाराधीन उजुरीको करिब ५०%) उजुरी फर्छ्यौट भएको छ।

घ) ऐन संशोधन पश्चात् (२०८० चैत्र ३० पछि) विभागमा दर्ता भएका थान 286 मध्ये सूचनाहरु/उजूरीचालु आ.व. को हालसम्म-

- २५६ थान उजुरी स्क्रिनिङ्बाट अभिलेख, अन्य निकायमा पठाउने, विभागमा रहेको पूर्व उजूरीमा समावेश गर्ने गरी कायम भएको
- बाँकी ऐनको दफा 13 (१( विभाग उजूरी थान 30 बमोजिमका (ग)मा प्रारम्भिक छानविनका लागि कायम गरिएको।

ङ) २०८१ कार्तिक १५ गते सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ जारी भएपश्चात् विभागको जाँचबुझ तथा अनुसन्धानसम्बन्धी काम कारवाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि -

- अन्य अनुसन्धानकारी निकायहरु (अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालयसमेत) को प्रतिनिधित्वको समिति गठन गरी यस विभागबाट उजुरी जाँचबुझ तथा अनुसन्धान सम्बन्धी कार्यविधि, २०८१ (२०८१ कार्तिक २१ गते) जारी गरी कार्यान्वयनमा ल्याईएको,
- अनुसन्धानमा संलग्न कर्मचारीहरुका लागि विज्ञ प्रशिक्षकहरुबाट नियमित रुपमा अनुशिक्षण तथा प्रशिक्षण उपलब्ध गराईएको,
- अनुसन्धान अधिकृतहरुसँग नियमित छलफल तथा बैठक (SMT, eSMT) गरी जाँचबुझ अनुसन्धानको कार्यमा सहजीकरण गर्ने गरिएको,
- जाँचबुझ तथा अनुसन्धान सम्बन्धी मार्गदर्शन तयार गरी अनुसन्धानमा तीव्रता दिईएको,
- अनुसन्धान कार्यमा सहजीकरणका लागि विभागका उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल गठन गरिएको।

**२. अनुसन्धान सम्बन्धी**

- ४८ अर्ब, ६ अर्ब, ४ अर्ब, ३ अर्ब सम्म बिगो भएका जटिल र ठूला प्रकृतिको कसूरलाई अनुसन्धानको दायरामा ल्याईएको।
- बहुमूल्य धातुको अवैध कारोबार एवम् अन्तरदेशीय तत्व रहेको, तस्करी, संगठित अपराधसँग सम्बन्धित जटिल प्रकृतिका उजुरी उपरको अनुसन्धान र अभियोजनलाई प्राथमिकताका साथ तीव्रता दिईएको।

**३. बार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धी**

क) क्षमता विकास तथा प्रशिक्षणसम्बन्धी

- मिति 2081/8/ भारतको मा 4Directorate of Enforcement बाट Money Laundering: Legal Framework & Practical Aspects

सम्बन्धमा विभागको समन्वयमा निकाय अनुसन्धानकारी वटा 10 लगायतलाई भर्चुअल रुपमा तालिम आयोजना गरिएको।

- सर्वोच्च अदालतसँगको सहकार्यमा काठमाडौं र ललितपुर ,भक्तपुर , मान जिल्लाका काभ्रेपलान्चोकनीय जिल्ला न्यायाधिशहरु र न्यायिक जनशक्ति समेत गरीजना 90 का लागि मिति २०८१ पुस ५ गते सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी जानकारीमुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको।
- विभागमा कार्यरत अनुसन्धान अधिकृतहरुका लागि विभागमा यस अघि कार्यरत विशेषज्ञहरुबाट विभिन्न मितिमा दुई दिने अभिमुखीकरण तालिम आयोजना गरिएको।
- विश्व बैङ्कबाट सञ्चालित ML/TF Risk Assessment Training for Enforcement Sector/ Overview of Threat Assessment Modules र NRA Update 2025 Refresher session on Legal Persons भर्चुअल तालिममा विभागका अनुसन्धानमा संलग्न कर्मचारीहरुलाई सहभागी गराईएको।
- विभागमा कार्यरत कर्मचारीहरुका लागि विज्ञ प्रशिक्षक सुदन ज्ञवालीबाट मिति २०८२ जेठ १६ गते Work Life Balance, Appreciative Inquiry एवम् तनाव व्यवस्थापन सम्बन्धी प्रशिक्षण प्रदान गरिएको।

ख) विभागबाट दायर भई फैसला भएका मुद्दाहरुलाई एकत्रित गरी निर्णयाधार सहित फैसला संग्रह भाग □□□□□□□ ३-गरिएको।

ग) नेपाल सरकारबाट निर्णय भएबमोजिम मिति २०८१।१०।१४ गते **सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस** मनाउने सम्बन्धमा विभागको संयोजनमा विभिन्न क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गरिएको।

घ) अनुसन्धान समन्वय संयन्त्र र प्राविधिक समितिसँगको सहकार्यमा मिति २०८२ जेठ १३ गते ग्रे-लिष्टबाट बाहिरिन अनुसन्धान-अभियोजनकारी निकायको भूमिका सम्बन्धी अनुसन्धान तथा अभियोजनकारी निकाय (सरकारी वकील) बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।

ङ) मिति २०८२ असार १३ गते श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा नेपाल सरकारका सचिवज्यूहरुको उपस्थितिमा ग्रे-लिष्टबाट बाहिरिनका लागि सार्वजनिक सेवा प्रवाह र शासकीय सुधार सम्बन्धी उच्चस्तरीय कार्यशाला आयोजना गरिएको।

च) **कार्यविधिको मस्यौदा तर्जुमासम्बन्धी–**

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १४क र दफा १५ बमोजिम संयुक्त अनुसन्धान सम्बन्धी कार्यविधि र नियमावलीको नियम ८६ बमोजिम एकीकृत अभिलेख व्यवस्थापनसम्बन्धी कार्यविधिको मस्यौदा तयारी गर्न विभागका उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल गठन गरिएकोमा उक्त कार्यदलबाट कार्यविधिहरुको मस्यौदा पेश भई सो मस्यौदा उपर राय सुझावका लागि सम्बन्धित निकायहरुमा पत्राचार गरिएको।

छ) मिति २०८२ असार 19 र २० गते विभाग र कानून कार्यान्वयन गर्ने निकायबीच मस्यौदाको क्रममा रहेका कार्यविधि एवम् जोखिम अध्ययन प्रतिवेदन उपर छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको।

**४. अन्य महत्वपूर्ण कार्यहरु**

- विभागको नेतृत्वमा अनुसन्धानसम्बन्धी विषयमा Post observation periodic report र Follow up Report तयारी, Face to face Meeting मा सहभागिता भएको।
- सम्पत्ति शुद्धीकरण नियमावली (लाउण्डरिङ मनी), २०८१ को नियम ८७ बमोजिमको प्रविधिक समिति गठन भइ दुई पटक बैठक बसी विभिन्न विषयमा निर्णय भएको।
- विभागबाट अभियोजन भएका दुई थान सम्पत्ति शुद्धीकरण कसूर मुद्दामा विशेष अदालतको फैसलाबाट जफत हुने ठहरेको रु.1 करोड □□ सय 9 हजार 21 लाख 27 गरिएको स्याहा सदर कोषमा सरकारको नेपाल।
- पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागसँग मिति 2081/07/गरिएको। समझदारी पारस्परिक मा21
- प्रारम्भिक जाँचबुझ प्रतिवेदनको ढाँचा निर्धारण गरी लागू गरिएको।
- ऐनको दफा १५ को उपदफा (१) बमोजिम अन्य निकायबाट विभागलाई जानकारी दिने विषयसँग सम्बन्धित ढाँचा तयार गरी राय सुझावका लागि सम्बन्धित निकायहरुमा पठाईएको।
- २०८१ माघ ४ गते MOU गरिएका निकायहरुसँगको छलफल कार्यक्रम आयोजना गरिएको।
- सम्पत्ति पत्रिकाको १० औं अङ्क प्रकाशन गरी सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसका अवसरमा लोकार्पण गरिएको।

**५. आ.व. २०८१-८२ मा विनियोजित बजेट कार्यान्वयनको प्रगति**

चालु तर्फ

(रु. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय /निकाय/ कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| 301060113 | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | 80539 | 69519 | 86.31 |

पुँजीगत तर्फ

(रु. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय /निकाय/ कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| 301060114 | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | 820 | 672.33 | 81.99 |